स्थानीय संवाद
# GRASSROOTS DIALOGUE
Year 8 Issue 1 Poush16 -Falgun 17 , 2077 January-February 2020

# राष्ट्रियता र लोकतन्त्रको बहस

**प्रदिप गिरी**



नागरिकताको प्रसंग हेर्दा मधेस र पहाडभन्दा पनि माथि सिङगो राष्ट्रको सरोकारको विषय हो । मधेसको मात्र नागरिकताको सवाल होइन । मधेसबाट माथि उठेर हेर्दा सिङ्गो महिलालाई प्रभाव पर्ने कुरा हो । मधेसलाई पनि हेर्दा यो कानुनी सवाल मात्र होइन। २००९ सालमा के भयो, राजा महेन्द्रले के गरेभन्दा पनि वृहत् हाम्रो राष्ट्रको अहिले सम्मको परिकल्पनाको विषय हो । राष्ट्रियता भन्नाले हामी 'एक राजा एक देश, एक भाषा एक भेष' मा परेका छौँ । राष्ट्रियता सभाषिकतर अलग अलग हुन्छ । राष्ट्रियताको एकल परिभाषा छैन । कि भारत लाई राष्ट्र मान्न भएन, यदि भारत लाई राष्ट्र मान्ने हो भने त्यहाँ तमिल, बाङ्ला जस्ता धेरै राष्ट्र देखिन्छन ।

। दोश्रो, अयोध्या प्रसँग । पुरात्वत्विक दृष्टीकोणले अयोध्या नै चितवनको ठोरीमा साँचिकै नै प्रमणित भए जसरी सरकार जनता समक्ष प्रस्तुत भइरहेको छ । गण्डक सम्भ्ौताको बेलामा राजा महेन्द्रले र भारतीय प्रधानमन्त्री नेहरु विचको सवांदलाई हेरर हाम्रा दुवै सिमानाकाका हिन्दूबादी मनस्थिती छाम्न सकिन्छ, त्यहाँ बाल्मीकीनगरको वारेमा प्रसंग छ । यस्तो परिबेश छ जस्मा हामीले स्वस्थ दृष्टीकोण राखेर छलफल अगाडि नवढाउने हो भने नेपाल र भारतका जनस्तरमा टकरावको अवस्था ल्याउने अवस्था छ । डरराग्लो के भयो भने नेपालमा लोकतन्त्र ल्याएको भनिएको, लोकतन्त्रको पक्षधर हो र यसले यो व्यवस्था चलाउँछ भनेको मेरो दल नेपाली काँग्रेस नै एकपटक अलिकती थोरै मत आयो भन्दैमा यस्तो हतास्, एस्तो प्रतिरक्षात्मक मनस्थितिमा पुगेको देखियो । उ नक्सा, नागरिकता र अयोध्याको बारेमा छलफल गर्न तयार नै थिएन, मेरो दलको केन्द्रिय समितीको बैठकमा अहिले राज्यले लिन खोजेका नीतिका पक्षमा धेरै देखिन्छन् । एउटै राष्ट्रियता छ भन्ने प्रबृती हाम्रो नेपाली काँग्रेसमा हाबी भयो, यि विषयमा ओली सरकारलाई साथ दिएर गएन भने त राष्ट्र खत्तम भन्ने बातावरण रहेछ, काँग्रेसमा । नक्साको विषय अहिल्यै पास गरेन भने काँग्रेस सकिन्छ भन्ने मत सवैजसो मुख्य नेताको आयो, छलफल गरेर निर्क्योलमा पुग्ने वातावरण पनि थिएन, केन्द्रिय समितीमा । जन्मदै अराष्ट्रिय तत्वको विल्लामा हुर्केका हामीमा यो प्रकारको त्रासको मानसिकता एक्कासी प्रखर भएर गएको मैले देखेँ ।

**राष्ट्रियता**
**र**
**लोकतन्त्रको बहस**

South Asian Dialogues on Ecological Democracy, Nepal (SADED-NEPAL)

CESIF Centre for Social Inclusion and Federalism

यसमा अलिक सोच्ने हो भने त मुलुक को यस्तो बिचारको खडेरीको, नेताहरुको शक्तिकेन्द्रित मनस्थितीको लागि अलि अलि जिम्मेवार त बुद्धिजिबी पनि होलान् । त्यसलाई अब कसरी चिरेर जाने, अब कस्तो समाजको परिकल्पना छ त बौद्धिक वर्गको भनेर एउटा छलफलको सृखंला चलाउने मैले उद्धवजी र कर्णजी लाई प्रस्ताव गरेको हो । छलफलमा एउटै बिचार नआउला, नक्सा नहुँदा राष्ट्रबाद सिद्धिन्छ भन्ने विचार पनि आओस । होइन, नक्सा र राष्ट्र फरक हो भन्ने पनि आओस । सन्जोगले कस्तो पऱ्यो भन्दा पढ्दै जाँदा 'एक नक्सा किसी राष्ट्रका पर्याय नही हो सत्ता''राष्ट्र किसी देशका नाम नही है' जस्ता हिन्दि कबिताका हरफहरु पाएँ र झल्यास्स सम्झिएँ त्यस्तो पनि विचार त रहेछन् नि त यहाँ !'देश किसी नक्सेका नाम नही है' भन्ने विषयमा त प्राम्भिक बिमर्श पनि गरेको रैहेनछौँ, हामीले । त्यसैले प्रस्तावित छलफलका शृङ्खलामा हामीले छलफलमा बसौ मात्र भनेको हैन, बस्न त हामी सधै बसी राख्या हुन्छौँ, हामी यसमा बिचार पनि गर्दै छौ है, छलफल पनि गर्दै छौ भनेर बृहत समाजलाई जानकारी पनि दिनु पऱ्यो भन्ने मेरो भनाई हो । हामी कुनै पुर्वाग्रहका साथ हैन, कुनै एक बिचारवालाहरुको मात्र जमघट पनि हैन, अलग अलग बिचारका मान्छे छौँ, विविध विषयमा विचार मन्थन भइरहेको छ यहाँ भनेर भन्नु पऱ्यो । यिनै विषयमा पनि असाध्यै पुरातनवादी विचार र प्रगतिशिल दुवै विचारलाई सुनेर मन्थन गर्ने वातावरण तयार गरौं भन्ने हो ।

सन् १९६० को भारतको कुरा गर्दा विपक्षमा जय प्रकाश नारायण जस्ता मान्छे आउनु पऱ्यो, विद्यार्थीहरु सडकमा आउनु पऱ्यो । अहिले पनि त्यहाँ विपक्षको आवाज आउन सक्या छैन, अहिले राहुल गान्धीले मात्र बोल्छन । अहिले नेपालको कांग्रेस यति आत्महिन पार्टी छ, आजको न्युज पढ्नु भो होला ओली जी

सँग शेर बहादुरले केहि नियुक्तिमा मोलमोलाइजा गरेको । बरु म बहिष्कार गर्छु, नराम्रा मान्छेलाई नियुक्ति लिने वातावरणको साक्षी म वस्दिन भन्न को साटो मोलमोलाइजा । भारतमा इन्दिरा गान्धीको खिलाफमा पहिले त्यहाँका साँसदले राजिनामा दिएका थिए । अहिले नेपाली कांग्रेस सत्तामा को आउने, अख्तियार दुरुपयोगमा कसलाई ल्याउने भनेर पो बार्गेनिङ्ग गरिरहेको छ । यो मुलुकले अर्को आन्दोलनको प्रतिक्षा गरेको छ, र आन्दोलन भयो भने कांग्रेस त्यसमा घस्रिएर सहभागिता जनाउन आउला । तर कांग्रेसको नेतृत्वमा अबको आन्दोलन सम्भव छैन । काँग्रेस नेतृत्वको जनतामा जाने हिम्मत अहिले छैन, न त हौसला छ, न त आफैमा बिश्वास !

चुनाब जित्ने हार्ने भविष्यबाणी बारे मेरो भनाई के छ भने चुनाबी राजनितिमा 'एभ्री विक इज अ लङ टाइम इन पोलिटिक्स' । एउटा घटनाले चुनाबको परिणाम बदल्न सक्छ । भारतमा राजीब गान्धीको हत्याले चुनावी परिणाम बदलिएको देखिएकै हो । मोदीले मुशलमानको भोट डिभाइड नगरेका भए अहिले कै चुनाव जित्न गाह्रो थियो ।

फरक भाष्य या न्यारेटिभ कांग्रेस भित्रबाट आउँदैन । यस दलसंग प्रत्यक्ष या अप्रत्यक्ष रुपमा जोडिएका, कांग्रेसलाई शत्रु नमान्ने र लोकतन्त्रकालागि कांग्रेस पनि आवश्यक छ भन्ने यहाँ सहभागी भएका जस्ता समुहवाट यो अपेक्षा गर्न सकिन्छ । तीन थरिको कांग्रेस हुन्छन रे बंशजया लाल्मोहरिया कांग्रेस, जन्मजात र अङ्गिकृत् । केन्द्रिय समितिको परिभाषा हो यो । थप्न खोजेको के हो भने यहाँ सहभागि पुरञ्जनजींहरु जस्तो मान्छेका बारेमा कांग्रेस हो पनि, होईन पनि भनेर विवाद गरिन्छ । हामीले दायरा फराकिलो वनाउन आवश्यक छ, पार्टीले कसैको पहिचान वाहिर बामपन्थि जस्तो छ, बामपन्थिहरुमात्र होईन , क्रान्तीकारीको जस्तो पनि छ भने पनि सहकार्य गर्न तयार हुन आवश्यक छ । समग्रमै भन्दा राष्ट्रिय रोग नै के देखिन्छ भने समाज समालोचनात्मक भएन । तर कम्युनिष्टका नाममा आउने ओलीहरुलाई समालोचनात्मक दिमाग नभए पनि पुग्ला, तर खुला समाजमा विश्वास राख्ने हामीलाई त पुग्दैन नि ।

नक्साका सन्दर्भमा वहस भइरहँदा काँग्रेस नेतृत्वले हतार हतार पछि परिन्छ कि झै गरेर जान भन्दा काग्रेसमा यस वारेमा वहस हुदै छ, यथोचीत समयमा निर्णय गरेर अगाडि वढ्छौं भन्न सक्नुपर्थ्यो । कुरा उठ्छ यसपालिको नाकाबन्दिको कारणले कांग्रेस हार्यो । अगर नाकाबन्दिको बाबजुभ कांग्रेस र मधेसवादीको तालमेल गरको भए, कांग्रेसको कति सिट थपिन्थ्यो होला ? कृष्ण सिटौलाले झापामा टिकट नलिएर लिङ्देललाई मानिदिएको भए के हुन्थ्यो ? नाकाबन्दीका विच मधेषमा राजेन्द्रजीले चतुर्‍याई गरेर विमलजी विरुद्ध चुनाब जितिदिए, यि जिताई रणनितिक कुराबाट होईन ? मैले के भन्न खोजे भने नाकाबन्दी भो त्यसैले कांग्रेसले हार्यो भन्ने कुरा त्यति सिधा छैन । नाकाबन्दिको बावजुद पनि चुनाबलाई रणनितीक रुपमा आफ्नो पक्षमा पार्न काँग्रेस चुकेका कारण कमजोर भएको महसुश गर्न आवश्यक छ ।

अहिले उदार लोकतन्त्रको राम्रो पक्षका मात्र कुरा गरेर पुग्दै न, अहिले हेर्दा उदार लोकतन्त्र नै कमजोर भएका कारण, यसको असफलताका कारण नै अहिलेको अवस्था आएको हो । यसै असफलताको कारण समाजवादी धारको, गान्धीवादी धारको अवस्था आएको हो । गान्धीको विचार, समाजवादी विचार, लोहियावादीहरुको समेत समाजलाई हेर्ने दृष्टिकोणमा छलफल आवश्यक छ ।

## लोकराज बराल



यहाँ २,३ वटा विषय आए । नक्साको कुरामा नेपाली कांग्रेसले एउटा अडान राख्न सक्थ्यो । त्यो बिषयमा मैले एक दुइ ठाउँ फोन पनि गरेर भने, तपाईहरुलाई यो रणनितिक हिसाबले ठिक हुँदैन । देशको आफ्नो सिमानाका कुरा हो, आफ्नो कुरा राख्न पर्छ । तर त्यसले तपाईलाई भोली पनिरणनितिक रुपमा राम्रो हुनेगरि जानुस, यो बेला प्रमाणहरु तयार पार्नुहोस्, कुरा गर्नलाई वाताबरण वनाउन तयार हुनुहोस् । सब गर्नुस्, नक्सा पनि तयार पार्नुस । त्यो नक्सा एकलौटी रुपमा निकाल्दा तपाइहरुलाई रणनितिक हिसाबले के हुन्छ भन्ने कुरामा पनि छलफल गर्नुस । तर, आहो यसको तत्काल समर्थन गरिन भने म त जिल्लानै जान सक्दिन, खतम भैहल्छु नी भनेर जवाफ आयो । यो ठिक कुरा हो, तर रणनितिक हिसाबले अहिले यसलाइयसरी अगाडि लैजादा भारतलाई पनि दबाब पर्छ भन्न पनि नेताहरुले सकेनन ।

जहाँसम्म कांग्रेसले अबनयाँ चुनाब माग गर्ने बेला भएन र भन्ने सवाल छ, संसदको बैठक एकाएक समाप्त गर्दा कुरा नउठाउने, संसदको बैठक वोलाउँ नभन्ने, अहिले भइरहेको यि यावत सवालमा एक वक्तव्य निकाल्न नसक्नेले यस वारेमा के वोल्न सक्ला र ? अहिले चुनाबको माग गरे पनि त्यो कुनै सानो पदको लागि, फलानोको लागियो पद चाहियो भनेर भनेर अर्को बार्गेनिङ्ग गरेको बुझिने अवस्था हो ।

एकाएक भारत विरोधी भएर पनि चुनाव जीतीन्छ कि भनेर पनि यहाँ प्रयोग भयो, तर त्यतिले मात्र चुनाव जीत्न कहाँ सम्भव होला र ? नेतृत्वको सोचाई अलिक साँधुरो पाइन्छ । मोडलमा डिपार्चर गनु नै पनि मत आकर्षन हुन्छ भन्ने रहेनछ । लीवरल भ्यालुका सन्दर्भमा मेरो भनाई के छ भने कम्युनिष्टको केही सिद्धान्त र मुल्य मान्यता नै देखिएन, कुर्ची वाहेक । तर लिब्रल डेमोक्रेटको त प्रेस स्वतन्त्रता, बैयक्तिक स्वतन्त्रताका मान्यता त शास्वत नै रहेछ । चीनमा हेरौं, कोहि वोल्नै सक्दैन । त्यसैले मलाई पनि के लाग्न भने लिवरल मान्यताको अन्त्य चाँहि सम्भव छैन । सुसुप्त नै अवस्थामा भए पनि मानिसलाई वोल्न पर्ने रहेछ, छोड्न गाह्रो रहेछ ।

यहाँ यत्रा विषय छन्, कम्युनिष्ट सरकारका गल्ती र कमजोरी औ ल्याउन मात्र सकेको अवस्थामा नेकपा असाध्यै अठ्यारोमा थियो । यत्रा असन्तोष र असन्तुष्ठि छन्, तर विपक्षले केहि गर्न सकेको छैन । एउटा प्रस कन्फरेन्स समेत गर्दैन, त्यसैका कारण मात्र कम्युनिष्टहरु सर्भाइव गरेका हुन् । उहाँहरुसंगको सैद्धान्तिक धरातलले होइन ।

हाम्रो लागि विकल्पको वाटो पुरातन प्रकारको लोकतन्त्र भन्दा माथि उठेर खाज्ने वेला भएको देखिन्छ । निर्वाचन प्रणालीमा सुधार कि व्यवस्थामा नै परिवर्तन गरेर राष्ट्रपतीय प्रणालीमा जाने भन्नेमा भारतमा पनि बहस छेड्न खोजीएको छ । तर एउटा प्रकारको प्रणालीमा अभ्यस्त भएपश्चात अर्कोमा जान लोकतन्त्रमा नै पनि गाह्रो हुने रहेछ ।

दलीत र अल्पसंख्यकका सवालमा काँग्रेस कहाँ छ, यत्रा ६, ६ जना युवाहरु मारिए ।तर प्रमुख प्रतिपक्षको आवाज सुनीएन । बहुलवादमा आधारित राष्ट्र भनेर बाबुरामजीले के भन्नुभएको थियो, काग्रेस भन्नेहरु पनी उनि विरुद्ध खनीएको अवस्था देखीयो । आज राजनीतिमा लागेका काग्रेस या अन्य दलका युवाहरु ५, ६ जनासंग अन्तरगं सबाँद शुरु गरेर अगाडि जाँदै गर्दा कुनै विकल्पको वाटोमा सहमत गर्न सकिए यस्ता अनौपचारिक छलफलका पनि योगदान हुने देखिन्छ ।

# पुरञ्जन आचार्य



केहि समय अघि शेर बहादुरजीहरुले बोलाएको एक भेलामा मैले सोधेको थिए, तपाईहरुलाई बिश्वास छ तपाईहरुको नेतृत्वमा कांग्रेस उँभो लाग्छ भनेर ? कांग्रेस त्यो डरको मनस्थितीमा छ कि उसलाई अहिले पनि नाकाबन्दिले गर्दा पहाड पुरै सिद्धियो र हामीले चुनाव हार्यो । अब त्यो सत्य होला या असत्य। कुनै अध्ययन र विश्लेषण भएको छैन, नाकावन्दीको असर केहि हद्दमा देखीएला पनि । तर अहिलेको काँग्रेस त्यहि पुरानो भुतवाट एकदम डराएर अब ईन्डियाको तिब्र बिरोध गर्दा राष्ट्रबादी भइन्छ र यसवाट मात्र मत आँउछ भन्नेमा छ । यो मानसिकताले मात्र काँग्रेसलाई मत आँउछ या आउँदैनभन्नेमा शेर बहादुरजी या रामचन्द्र पौडेललाई कस्ले भनिदिने ? गगन थापा, रामचन्द्र पौडेल या शेर बहादुरजीलाई राष्ट्रियताको मुद्दामा एक इन्ची पछाडी पर्‍यो भने कम्युनिष्टले फेरी यो नारालाई क्यास गर्छन् भन्ने मानसिकता कै विचमा मैरै घरमा पनि बैठक भयो । वास्तवमाकांग्रेसको नेताहरु कोरोना भाइरसले जनता आतताही भइरहेको अवस्थामा पनि सवै विषय र फील्डमा नतमस्तक देखिन्छ । कम्युनिष्ट एकता भयो, अब बर्बाद भयो भन्नेले चेतना गुमाए झै कम्युनिष्ट फुट्छ कि भन्ने कुराले चै अलिक मुखमा उज्यालो लिएर वसेको अवस्था छ । कम्युनिष्ट फुटी हाल्छ कि, प्रचण्डले हामीलाई तारी हाल्छन् कि भन्ने नेतृत्वको कुरा एकातिर छ भने अर्कोतिर खरिदार देखि लिएर संबैधानिक आयोगसम्म आफ्नो मान्छे कहाँ कहाँ घुसाउन सकिन्छ घुसाइहाल्न भनेर लागेका छन् । मैले सुनेको बिजय गच्छदारलाई अख्तियारले कार्बाही गर्दा कांग्रेस सभापतिले ठुलो राहतको महसुस गरे रे । राहत 'म त जोगिएँ' भन्ने मा देखियो भन्ने छ । मतलब,प्रतिपक्षी नेतामा त्यो प्रकारको डर । यो प्रधानमन्त्री ओलिको डर हो नि ।

राज्यसँग हाम्रो नेताहरु नैतिक रुपले लड्नु पर्ने बेला छ, कम्युनिष्ट सँगलड्नु पर्ने बेला छ । अहिले आएर शेर बहादुरजीले काँग्रेसलाई अगाडि लगेर पार लाउनु हुन्छ र भनेर शंका गरिन्छ । मलाई त पहिले देखी नै बिश्वास थिएन । अब रामचन्द्रजीबाट पनि पार लाग्न सहज छै न । फेरि पार लगाउन त आखिर माथिबाट बिपि कोईरालालाई ल्याउने सम्भावना पनि होईन । बिपि कोईरालाले पनि कति पार लाउनु भयो र अहिलेको परिस्थितीमा उहाँ नै भए लगाउनुहुन्थ्यो होला भन्ने पनि भन्न गाह्रो छ ।

क्याम्पसमाआइए विए पढ्दाको समय सम्झने हो भने दिन रात हाम्रो झाग्डा कम्युनिष्ट सँग दुइटा कुरामा हुन्थे । भारतको दलाल्, र बिपिको दलाल भनेर हामीलाई झगडामा आउन उत्साहित गरेको अवस्था थियो । आज कम्युनिष्टले काँग्रेसलाई फेरि त्यहि नारामा तान्न खाजेको छ । कम्युनिष्टसँग राष्ट्रबादको कुरामा कांग्रेसले सक्दैन, त्यसैले नयाँ न्यारेटिभ लेख्नु पर्‍यो । कांग्रेस को राष्ट्रबाद के हो?राष्ट्रबाद बिना चुनाब जितिदैन भने त्यो व्याख्या अपरिहार्य भइसकेको छ । नेपालको इतिहास हेर्दा मोहन सम्शेरले १९५० को सन्धी गरेर फर्कदा पनि धोति (भारतीय)हरुलाई चै झुक्यँएभन्थेरे । सरदार भिम बहादुर पाण्डेले बडो मज्जाले लेखेको छन, यस प्रकारको काठमाडौंको मनस्थिती, पहाडे मनस्थिती । त्यसैले आगामि २ बर्षको चुनाबमा अब कांग्रेसले नयाँ अवधारणा वनाउन पर्छ, कांग्रेस भएको नाताले वा साम्यवादी विरोधी भएका नाताले, कम्युनिष्टले अब निरन्कुसता लाद्न खाजेको हो, कम्युनिष्टले गणतन्त्रै खान थालेको हो, या कम्युनिष्ट सँग हामिलाई बैचारिक युद्ध गर्नपर्ने अवस्था छ भन्ने लाग्छ । रास्ट्रबाद ठीक हो कि देशभक्ति? बेरोजगारी चै बेठीक हो कि साम्यवादीहरुको प्रतारण?जस्ता प्रश्नहरु आज उब्जिीएका छन् । अहिले के छ भने राष्ट्रको ठुलो श्रोत र साधनकम्युनिष्टकानाममा गएर खर्च भएको छ ।

हिजोको अर्थमन्त्रीहरुलाई देश कता जादैछ, समाज कता जादैछ, र आखिरमा राजनिती कता जादै छ भनेर कति थाहा होला । तर दुर्भाग्य, अहिले केन्द्रिय कार्य समितिमा भएको, देशको चिन्ता गर्ने र अरुहरुले नि सुन्ने मान्छे काँग्रेस जस्तो मासमा आधारित दलमा देखिन छाडेको छ, सवैले सुन्न खोज्ने सायदै नेताहरु मध्ये एक जना प्रदिप गिरिमात्र हुनुहुन्छ । शेर वहादुरजी लगायतलाई त पब्लिक फोरमहरुमा वोलावट नै नहुने अवस्था आइसक्यो । अन्य नेताहरुको रिपोर्टस क्लवमा समेत अनुहार देखिन मुश्किल भइ सकेको छ । यस्तो अवस्थामा काँग्रेस अब कम्युनिष्टको बिकल्प हो भनेर जनताले मान्नेमा पनि शंका हुन्छ ।

बोल्नकोलागि थुप्रै कुराहरु छन्, राजनितिमै खेलियो, राजनिती मै पढियो ।मलाई त यो अधिको २-४ वटा कुराहरुमा अवधारणा दिन्छु । युगजीले भन्नु भएको कुरामा कहाँनिर सबै जनाको सहमती छ भने मुलुकको सोसल इन्जिनेरीङको पाटो एकदमै कम्जोर भैरहेको छ, यसको तन्तुहरु खुस्किरहेको छन् । यसको उदाहरण दिएर एकदुइटा कुराहरु भन्छु । २०५६ सालमा गिरिजा प्रसाद कोईराला प्रधानमन्त्री भैसकिपछि म पनि सचिब भएर बस्नेमा पर्छु । महेश आचार्य अर्थमन्त्री भएर कोइरालालाई बजेट ब्रिफिङ गर्दै हुनुन्थ्यो । बजेटको ब्रिफिङपछि मैले सोधेँ यो पुरा बजेट जुन प्रधानमन्त्रीलाई सुनाउनुभको छ, यो तपाईको निर्वाचन क्षेत्रमा तपाईलाई भोट हाल्ने थारु र राजबशिंले आफुलाई बजेटमा आफुलाई कहाँ देख्न पाउँछन् ? मलाई यति भन्दिनुस् । म समाजिक आन्दोलनबाट अन्तराष्ट्रिय क्षेत्रमा समेत काम गरेर आएको मान्छेलाई त्यो बजेट चित्त बुझेन । उहाँले यो ट्रिकल डाउन हुन्छ भाई भन्ने जवाफ आयो, त्यो एउटा भयाभह थिहो । यो सवाल मैले यसपालि चुनाब हारिसके पछिफेरी कोट्याएर सोधेँ, ट्रिकल डाउनत हुदैन रहेछ नि ! थारु त्यस्तै छन्, राजबशींमा केहि परिवर्तन भएन । त्यसले तपाईलाई हराइदिए, उनिहरुले । नामनै नसुनेको र टिकट लिन नै ममानेका मोदी थरका मान्छेले उनलाई हराए ।

युगजीले भन्नु भएको कुरामा मैले जोड्न खोजेको हाम्रो आर्थिक परिकल्पना । कस्तो छ भने जो बाट चुनिएर हामी आउछौ, त्यहाँ हामी पुग्दैनौ । अर्को एउटा उदाहरण दिन्छु, युगजी सँग जोडेर । बालुवाटार ३ नम्बर गेटमा नेपाली कांग्रेसको उम्मेदवारको नामावली तयार हुँदै थियो । केहि मान्छेले शेर बहादुरजीलाई भन्दिएछन् कि मलाई पनि त्यहाँ आउनु पर्छ, प्रतिक्रियाहरु दिनु पर्छ भनेर । गएँ । मैले सोधेँ, यो मोरङमा छ मा छ जना बाहुनलाई टिकट दिनु भयो भने चुनाब त हारिन्छ । यस्तै गण्डक प्रदेशमा एउटा पनि गुरुङ छै न, कास्की, स्याङ्जा, तनहुँ, लम्जुङ । यो सोसल इन्जिनियरिङ् हामी गिरिजाजीसँग बस्दाखेरी दिनरात कुरा गर्थ्यौं, यहाँ तपाईले ध्यान दिनु पर्छ है भनेर । त्यहाँ अहिले भएन । चुनाव हारियो । देशको चुनाव हाँक्दा सोसल इन्जिनियरिङ् आवश्यक छ, नेपाली काग्रेसको चुनाव हारको एउटा कारण त्यो पनि थियो । नाकावन्दी एउटा कुरा होला, तर अरु धेरै कुरामा ध्यानमा दिन आवश्यक छ । अहिले नागरिकताको विषयले आधा नेपाल चिन्तीत छ, मेरी आमा समेत चीन्तीत हुनुहुन्छ । तर यसमा दलहरुको ध्यान छैन, जनतामा डरको भावना बढ्दो छ । हामीलाई नै सरकार युगजीले भन्नु भएको कुरामा सहमत के छु भने राष्ट्र निमाणमा लागेका भन्नेहरु, कांग्रेस पनि, कम्युनिष्ट पनि, मष्तिष्क चै बन्दै गरेर त्यहाँ बसेका छन! कम्युनिष्ट को त मैले अहिले यहाँ उदाहरण दिए भने तपाईहरु होईन होला भन्नु हुन्छ, हास्नु हुन्छ । धेरै कम्युनिष्ट साथिहरुसँग कुरा हुन्छ, आफैलाई हाँसो उठ्छ उहाँहरुको विचार सुन्दा । अरुको कुरै गर्नु पर्दैन यही शिक्षा मन्त्री पोखेलको उदाहरण लिन सकिन्छ । राष्ट्रवादका सन्दर्भमा उहाँको जस्तो पश्चागामी सोच कसैको पनि नहोला । उहाँ के भन्छन्, के गर्छन् भने, दिन रात उनको सोच हेर्दा त्यो भन्दा प्रतिगामी सोचाइ नै आउन सक्दैन यो राष्ट्र निर्माणमा भन्ने लाग्छ । समय कम छ कसरी बैकल्पिक उपायहरु ल्याउने, के हो त, कस्तो आर्थिक नीति ल्याउने, कस्तो खाल्को नयाँराजनीति संरचना तयार गर्ने, कस्तो संस्कृतिक नेपाल बनाउने ।

## डा. इन्द्रा अधिकारी



अनुभब कै आधारमा मलाई लगेको के हो भने अब हामी सँग सैद्रान्तिक बहसका लागि मेहनत गरेर प्रणालिगत परिबर्तन ल्याउनु छ ।हामीले सिद्धान्तलाई आन्तरीकीकरण गरेका रहेनछौ । हामीले सिस्टमलाई ग्रहण नै गरेका रहेनछौ भन्ने नै धेरै हदमा देखिन्छ । अहिले सरकारमा नै हेर्यौं भने पनि हामीले भनेका लोकतन्त्रका केहि आधारभुत सिद्रान्तहरु थिए नि । तर खै त शक्ति पृथकिकरणको हामीले यहाँअनुभव गर्न पाएको ? अहिले प्राधानमन्त्रीले न्यायालयमापनि नियन्त्रण गरेका छन्, अख्तियारलाई पनि नियन्त्रण गरेका छन । सबै कुरा उनको आदेशमा हुन्छ जस्तो देखीयो ।यहाँ सम्मकी खुफिया एजेन्सीका मान्छेहरु त उनका बिरोधिहरुकोबारे विवरण जम्मा गर्न लाग्छन । उनीहरुले आफ्नो काम राज्यलाई कहाँ कहाँवाट जोखिम छ भनेर त्यो जानकारी जम्मा गर्दैनन, तर सत्ताका पक्षमा काम गर्छन् । यो ढङ्गले काम गरिरहेको देख्दा मलाई यो राज्य एकदमै अधिनायकबादी क्षेत्रतिर लागेको जस्तो लाग्छ । यहाँ त देश पछाडी फर्केर २०४८ मा पुग्न लाग्यो भनियो, म त अझै पछाडी पो जादै छौ किभन्ने लाग्छ ।

हामीले सैनिकलाई उक्साइरहेका छौं ।जसरी सबै मिलेर रास्ट्रपतीलाई अनावश्यक ठाँउ दिन खोजीरहेका छौँ, त्यो पनि राम्रो होइन । सवै मिलेर भन्नुको अर्थ यो अहिलेको सत्तारोढ दलमात्र होइन, राष्ट्रपतीको भुमिका खाज्ने सुरु विगतमा कांग्रेसले पनि गर्‍यो भन्ने हो । सेनालाई जसरि ठाँउ दिइरहेका छौँ, जसरी त्यो सेनालाई कर्पोरेट संस्था जस्तो विकास निर्माण, आयात निर्यात सबै कुरामा उसको संलग्नता खोजिएको छ, सेना बाहेकको राज्य चलाउनै सक्दैनौ भन्ने कुरा एक पछि अर्को घटनाले प्रमाणित गर्न खोजेको जस्तो देखिन्छ । यी कुराले कता कता हामी अधिनायकबादको यात्रामा त लालायित छैन भन्ने लाग्छ । र यसमा हामीमध्ये धेरैले समर्थन गरेको जस्तो लाग्छ । त्यो समर्थन यस अर्थमा कि कमसेकम लोकतन्त्रको महत्व भनेको त बिपक्षी दलको प्रभावकारीता हो नि त । खै त ? न त्यो पार्टी भित्रको प्रतिपक्षले गरेको छ, न त संसदमा रहेको प्रमुख प्रतिपक्षले । प्रचन्डजीको हालत हेर्नुस्, माधव नेपाल र झलनाथजीको हालत हेरौ । पार्टीको हिसाबले हेर्ने हो भने पनि उसले लोकतन्त्र विरोधी धारलाई कन्ट्रोल गर्नै सकेको छैन, समस्याहरु बाहिर ल्याउनै सकेको छैन । यि कुराहरुलाई एकदमै नजीकवाट हेर्नु पर्छ ।

हामी बैचारिक बहस गर्दै जाँदा जनतालाई खुशि, सुखी बनाउने भन्ने पनी हो । माओबादी द्वन्द १९९० पछाडिको परिवर्तनको लागि भएको समाजिक परिवर्तन होईन र ? तर त्यस आन्दोलनका कुन कुन परिवर्तनहामीले प्राप्त गर्‍यौ त । अहिलेको महिलाहरुको हालत हेरौं, तेजाबले पनि उनिहरु जल्नु परेको छ, नागरिकताको अधिकारकालागि पनि प्रताडितहुन परेको छ । न्यायलयले महिलाको पक्षमा खास केहि गर्न सक्षम छैन । त्यहाँ प्रधानमन्त्री र महान्यायाधिबक्ताको नियन्त्रण छ भनिन्छ । यो हद सम्म को समाजमा दबिएको समुदाय अथवा लिङ्गहरु विरुद्धको षडयन्त्र । रास्ट्रीयताकै कुरा गर्दा लागेको कुरा लेख्यो वोल्यो भनेर आंशिक रुपमा सरीता गिरिको अनुयायी भयौं पनि भने धेरै मान्छेहरुले । उहाँको राजनितीसंग हाम्रो सरोकार भएन, अहिले नयाँ नक्सा ल्याउदा व्यापक छलफल र वहस पनि गरौं, हतारको कामले कहिँ फेरी हामी कमजोर प्रस्तुत न हौं है भन्दा यो खालको चरम सोच मार्फत मानिसलाई कमजोर वनाउने प्रयास गरिन्छ । यस्तो त राजाको पालामा पनि थिएन होला । त्यसमा लोकतान्त्रीक भनिने नेपाली कांग्रेसले समेत सामान्य झुकाव समेत देखाउन सकेन, एउटा महिलालाई मान्छेको दर्जा दिनुपर्छ भन्ने कुरामा सोचबिचार नै नभए झै धेरैजसतो काँग्रेस पनि हँ मा हँ मिलाएर लागिरहेको देखिएको छ । खासगरी लिबरल भ्यालुको अनुयायि भन्ने नेपाली कांग्रेसलाई यस प्रकार कै राजनैतिक शिक्षा दिनुपर्ने होईन र ? उनीहरुलाई अहिलेको राजनीतिक प्रणालिसँग समाजिकरण गर्नु पर्ने होईन र ? मैले यो पनि देखिरहेको छैन । हिजोका ति माओवादी र अहिलेको ने.बि. संघ भनिनेको बहस, छफल भन्दा पनि अतिवादी सोच र उदण्डता देखीन्छ । यो अधि नबढ्ने सोच हो । संघीयतामा संघीय संरचनालाई पहिचान र विकास नै गरिएको छैन ।संविधानले नचीनेको 'केन्द्र' भनिन्छ, र त्यसलाई निर्णयको श्रोत मानिन्छ । उसका निर्णय कार्यान्वयनको लागि यो यो गर भनेर अरु सरकारलाई फाल्दिन्छ । श्रोत, आवश्यकता र प्राथमिकता नहेरी पठाएका आदेश जस्ता यि निर्णयहरु स्थानिय तहमा के गर्ने ? त्यो खाल्को बिजोग छ, संघियताको । क्वारेन्टाईन देखि आईसोलेसन, उपचार र राहत भन्ने जुन काम भएको भनिन्छ कसैले त्यहाँ राहत पाएको महसुश गरेका छैनन् । त्यो हद सम्मको लापर्वाही एकातिर छ भने अरु दलहरुलाई केहि मतलब नै महसुस छैन ।

सत्तामा कांग्रेस आउनु, ने.क.पा. हुनु, रा.प्र.पा. हुनुले व्यक्तिगत रुपमा सामान्य मान्छेलाई के फाइदा हुन्छ र ? जनताले चाहने त म सुरक्षित हुन पाँउ, मैले खान पाँउ, मैले बिरामी पर्दा औषधि पाउँ, अलि अलि पढ्या लेख्या छ भने जागिर गर्न पाँउ भन्ने हो । हरेक सर्वसाधारणको आशा त त्यही हो नि । अरु ठुल-ठुला कुराहरु राजनीतिज्ञका कुराहरु हुन नी । साहित्यकारका कुराहरु, बिद्वानहरुका कुराहरु सर्बसाधारणलाई के अर्थ लाग्छ र ? हामी बिद्वान भएकाहरु पनि ईमान्दार छैनौं, हामी पनि पुरै बौद्धिकबिज्ञको रुपमा पुरै सत्तालाई सेवा गर्छौ । डराएर वा लोभले बोल्दिनौ । कति मान्छेहरु हिजो कांग्रेसको सरकार हुँदा कटु आलोचक थिए तर ति अहिले चुप-चाप छन । चुपचाप रहेर नै कतिले पद पाइसके त कतिले त्यो आश गरिराखेका देखिन्छन ।विद्वान हुनु र बौद्धिक या बिज्ञहुनुमा धेरै फरक छ । विद्वानहरुले समेत राजनैतिक मुद्दाहरुमा चै टिप्पणी नगरौं, नबोलौं, नलेखौं, नछापौं भनेका सुनियो । छाप्न पनि नछापौ रे, बोल्न पनि नबोलौ रे ! समाजिक संजालमा पनि राजनैतिक मुद्दामा चै टिप्पणी नगरौ रे ! तर जवसम्म हामी राज्य र सत्तालाई स्वतन्त्र छोड्दिन्छौ धेरै जसो राजनितिज्ञहरुले इमान्दारीता गुमाउदा रहेछन । उनीहरुले शक्तिका लागि नै राजनिति गरेका मान्दा रहेछन् ।

रास्ट्रियताको बहसमा धेरैले डेमोक्रेटमध्ये कसले के भनेको छ भनेर हेर्दा रहेछन् । बौद्धिकमा पनि वामपन्थी भनिने हरुमध्ये धेरैले दुइजिब्रे धार लीएका कारण पनि यसो भएको हुनसक्छ । बाहिर देखाउदा एकदमै आफुलाई प्रगतिशिल देखाउने, तर भित्री मनोवृतिमा उनीहरु सारै रुढीवादी देखिने । डेमोक्रेट भन्नेहरु फेरी कस्ता हुँदा रैछन भने लागेको कुरा आक्रामक शैलीमा सोझै भनिदिने । दलका कार्यकर्ताका सन्दर्भमा हेर्दा चाहे त्यो वामपन्थी होस, या डेमोक्रेट, सबैले आफ्नो नेताको वोलीमा लोली मिलाउने रहेछन् । क्याडरमा आधारित दल भएर होला पुर्व माओवादी र एमालेमा यो अरु वढि देखिन्छ । यो सकारात्मक पनि होला पार्टीका हिसाबले, नेताका हिसाबले । तर लोकतन्त्रको लागि त यो फाइदाजनक भएन, सही के हो भन्नेमा छलफल नभई दल या नेताको धारणा पछ्याउँदा त सर्बसाधारणकोलागि त फाइदा भएन नि ।यस अवस्थाले नेतृत्वलाई चुनौती महसुसहुदैन, किनभने मेरो भनाईमा यत्रा मान्छे सहमत छन् ।

Advisors : Prof Lok Raj Baral, Vijay Pratap, Uddhab Pyakurel
Editors : Prof. Deo Kumari Gurung, Ram Saran Sapkota
Design & Layout : Samaj Bigyan Adhyan tatha